# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## जुनीचाँदे गाउँपालिका

जाजरकोट





महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## जुनीचाँदे गाउँपालिका

## जाजरकोट




**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको

# पाँचौं वार्षिक प्रतिवेदन

# २०७९

## जुनीचाँदे गाउँपालिका

जाजरकोट

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

पत्र संख्याः २०७९।८०
च.नं. ६९ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
जुनिचाँदे गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
जाजरकोट ।

**कैफियत सहितको राय**

हामीले जुनिचाँदे गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.७ करोड ४८ लाख ३ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.७३ लाख ९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.२ करोड ६१ लाख ५५ हजार, नियमित गर्नुपर्ने रू.४ करोड ७९ लाख ९ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु.११ करोड ६७ लाख ५० हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष सम्परीक्षणबाट फस्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.१८ करोड ४५ लाख ८२ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(........................)

नायब महालेखापरीक्षक

जुनिचाँदे गाउँपालिका, जाजरकोट

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५३ | ५० | ७४८०३ | ० | ० | ० | ५३ | ५० | ७४८०३ | ७३९ | ४७९०९ | २६१५५ | ० | ० | ७४०६४ | ० |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| जुनिचाँदे गाउँपालिका जाजरकोट | ११६७५० | ० | ११५८२ | १०५१६८ | ४६११ | ७४८०३ | १८४५८२ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : जुनिचादे गाउँपालिका, जाजरकोट , जुनिचाँदे गाउँपालिका , जाजरकोट

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | प्रेम प्रकाश खत्री | २०७८-१२-१३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | मनोज शर्मा | २०७६-१०-१३ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ७४,८०२,५८०.४ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | १,६६,९३,९८७ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३८,३८,४५,३८२ | **चालु खर्च** | ३३,१६,३८,०१० |
| **प्रदेश सरकारबाट अनुदान** | ४,४१,९७,८१३ | **पूँजीगत खर्च** | १५,४५,२२,६८८ |
| **राजश्व बाँडफाँट** | ८,५८,५०,१६० | **वित्तीय/अन्य व्यवस्था** | १६,६०,२८,२०५ |
| **आन्तरिक आय** | १२,५३,६९८ | | |
| **अन्य आय** | १४,०३,०८,३६४ | | |
| **कुल आय** | ६५,५४,५५,४१७ | **कुल खर्च** | ६५,२१,८८,९०३ |
| **बाँकी मौज्दात** | | १,९९,६०,५०१ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचय<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी पालिकामा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस जुनिचाँदे गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु जुनिचाँदे गाउँपालिकाको उद्देश्य रहेको छ । यस जुनिचाँदे गाउँपालिका अन्तर्गत ११ वडा, ५६ सभा सदस्य, ३४६.२१वर्ग किलोमिटर क्षेत्रफल तथा २१ हजार ७ सय ३३ जनसंख्या रहेको छ ।<br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिति २०७९।०९।२६ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् :</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>स्थानीय संचित कोष<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।
<table>
<tr><th rowspan="2">सि न</th><th colspan="3">आय तर्फ</th><th rowspan="2">सि न</th><th colspan="3">व्यय तर्फ</th></tr>
<tr><th>विवरण</th><th>रकम</th><th>रकम</th><th>विवरण</th><th>रकम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>गत वर्षको जिम्मेवारी</td><td></td><td></td><td>१</td><td>चालु खर्च</td><td></td><td>३३१६३८०१०</td></tr>
<tr><td></td><td>क) नगद</td><td></td><td>०</td><td>२</td><td>पूँजीगत खर्च</td><td></td><td>१५४५२२६८८</td></tr>
<tr><td></td><td>ख) बैंक</td><td></td><td>१६६९३९८७।११</td><td>३</td><td>वित्तीय व्यवस्था भुक्तानी</td><td></td><td>०</td></tr>
<tr><td>२</td><td>राजस्व (आन्तरिक आय)</td><td></td><td></td><td></td><td>क) ऋण भुक्तानी</td><td></td><td></td></tr>
<tr><td></td><td>क) आन्तरिक राजस्व</td><td></td><td>१२५३६९८।०७</td><td></td><td>ख) ब्याज भुक्तानी</td><td></td><td></td></tr>
<tr><td></td><td>ख) राजस्व बाँडफाँड(स्थानीय)</td><td></td><td>१३१९४८</td><td></td><td>ग) अन्य भुक्तानी</td><td></td><td></td></tr>
<tr><td></td><td>ग) राजस्व बाँडफाँड(प्रदेश)</td><td></td><td>३८४३४७।८७</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>घ) राजस्व बाँडफाँड(संघ)</td><td></td><td>८५३३३८६३।७३</td><td>४</td><td>निकासा फिर्ता</td><td></td><td>२७९९०८३४</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | ३ | वित्तीय हस्तान्तरण | | | | | | | |
| | | | | क) वित्तीय समानीकरण अनुदान | | ९१५००००० | | | | | |
| | | | | ख) सशर्त अनुदान चालु | | २५१२२९००० | ५ | धरौटी फिर्ता | | १५९९१७ | |
| | | | | ग) सशर्त अनुदान पुजीगत | | ३६२५०००० | ६ | विविध खर्च खाता मौज्दात | | २७४०० | |
| | | | | घ) समपूरक अनुदान | | ३७३३२४६ | ७ | प्रकोष व्यवस्थापन कोष मौज्दात | | ३९२९६५ | |
| | | | | ङ) विशेष अनुदान | | ११३३१३६ | ८ | कार्य सञ्चालन कोष खर्च | | २००००० | |
| | | | ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | | ९ | अन्तर सरकारी हस्तान्तरित कार्यक्रमबाट प्राप्त रकम | | | |
| | | | | क)वित्तीय समानीकरण अनुदान | | ९२२८००० | | सामाजिक सुरक्षा कार्यक्रम (३१४०१०१२३) | | ९१६०८१३४ | |
| | | | | ख) सशर्त अनुदान | | २५८७६३७० | | आन्तरिक मामिला तथा कानुन मन्त्रालय (३१४०००११३) | | ० | |
| | | | | ग) समपूरक अनुदान | | २९१८४४३ | | पूर्वाधार विशेष कार्यक्रम (३३७०१००१४) | | २९१७५०० | |
| | | | | घ) विशेष अनुदान | | ६१७५००० | | मुख्यमन्त्रि रोजगार कार्यक्रम उधमशिलता तथा आयआर्जन कार्यक्रम (३०१००१०२४) | | ४३०४६८२० | |
| | | | ५ | अन्तर पालिकाबाट प्राप्त | | | | मुख्यमन्त्रि रोजगार कार्यक्रम उधमशिलता तथा आयआर्जन कार्यक्रम (३०१००१०२३) | | १०५००० | |
| | | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ६ | वित्तीय व्यवस्था प्राप्ति | | | | | | | |
| | | | | क) ऋण प्राप्ति | | | | | | | |
| | | | | ख) साँवा प्राप्ति | | | १० | धरौटी मौज्दात | | १८५०६२८ | |
| | | | | ग) ब्याज प्राप्ति | | | | क) नगद मौज्दात | | ० | |
| | | | | घ) अन्य प्राप्ति | | | | ख) बैंक मौज्दात | | १७६८९५०७।७८ | |
| | | | ७ | विभिन्न कोषतर्फको आय | | | | | | | |
| | | | | क) विविध खर्च खाता | | २२७४०० | | | | | |
| | | | | ख) विपद व्यवस्थापन कोष | | ३९२९६५ | | | | | |
| | | | ८ | जनसहभागिता (नगद) | | | | | | | |
| | | | ९ | अन्तर सरकारी हस्तान्तरित कार्यक्रमबाट प्राप्त रकम | | | | | | | |
| | | | | सामाजिक सुरक्षा कार्यक्रम (३१४०१०१२३) | | ९१६०८१३४ | | | | | |
| | | | | आन्तरिक मामिला तथा कानुन मन्त्रालय(३१४००० ११३) | | ० | | | | | |
| | | | | पूर्वाधार विशेष कार्यक्रम (३३७०१००१४) | | २९१७५०० | | | | | |
| | | | | मुख्यमन्त्रि रोजगार कार्यक्रम उधमशिलता तथा आयआर्जन कार्यक्रम (३०१००१०२४) | | ४३०४६८२० | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | मुख्यमन्त्रि रोजगार कार्यक्रम उधमशिलता तथा आयआर्जन कार्यक्रम (३०१००१०२३) | | १०५००० | | | | | |
| | | | **१०** | धरौंटी आय | | १०७३८०३ | | | | | |
| | | | **११** | धरौंटी मौज्दात | | ९३६७४२ | | | | | |
| | | | **१२** | अन्य विविध आय | | | | | | | |
| | | | | जम्मा | | ६७२१४९४०३।७८ | | जम्मा | | ६७२१४९४०३।७८ | |
| ३ | | | **वित्तीय विवरण**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा पालिकाले प्रत्येक वर्षको श्रावण १ गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन<br>• पालिकाले बैंक समायोजन हिसाब खाता राखेको छ । जसबाट पालिकाको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात फरक देखिएको छैन<br>• कतिपय आर्थिक कारोबारहरुको गोश्वरा भौचर, बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मौज्दात ऋणात्मक रहेको छ। तर पालिकाका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | | | | | | | | |
| ४ | | | **जिम्मेवारी फरक परेको**<br>पालिकाको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । पालिकाको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.१,८२,६२,३०४.११ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.१६६९३९८७.११ जिम्मेवारी सारेको देखियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१५६८३१७।०० घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु | | | | | | | | १,५६८,३१६ |
| | | | | | | | | | | | |

| ५ क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **आन्तरिक नियन्त्रण प्रणालीः**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• पालिका संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो<br>• वडा कार्यालयमा रहेका जिन्सी सामानको अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम भुक्तानी दिदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको,<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ४० जनाको दरबन्दी रहेकोमा २१ दरबन्दी रिक्त रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ को दफा ७ (ख) २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु.१० करोड ५४ लाख ८८ हजार ८ सय ८१ तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा पालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वियन गर्नुपर्दछ ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६ | | | **बजेट पेश, पारित र अख्तियारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र पालिकाका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकामा उपाध्यक्ष श्री शिवा आचार्य बस्नेत ले मिति २०७८।०३।१० गते रु.५२ करोड २६ लाख १० हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।०४।०७ मा पारित भएको छ । यसैगरी पालिकाका प्रमुखले २०७८।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **बजेट सीमा निर्धारण समिति :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ८ | | | **बजेट तथा कार्यक्रम तर्जुमा :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **क्षेत्रगत बजेट र खर्चको स्थितिः**<br>पालिकाको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।<br><br>उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४७.३५ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा ०.८८ प्रतिशत रहेको छ । | |

| क्र स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | २९०६१ | २२३९७ | ४.६१ |
| २ | पूर्वाधार विकास | १३९०५५ | ११४७१२ | २३.६० |
| ३ | सामाजिक विकास | २८१३१५ | २३०२०३ | ४७.३५ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ५८९९ | ४२८७ | ०.८८ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १५१४०९ | ११४५६१ | २३.५६ |
| **जम्मा** | | **६०६७३९** | **४८६१६०** | **१००.००** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **त्रैमासिक पूँजीगत खर्चः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र नियम ३६ मा त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिकखर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| क्र.स.स | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| १ | चालु खर्चतर्फ | ३३१६३८ | ६४१३१ | ४९८२९ | २१७६७७ | १२५००५ |
| २ | पूँजिगत खर्चतर्फ | १५४५२२ | ४७५ | २०३०८ | १३३७३९ | ९६००८ |
| जम्मा | | ४८६१६० | ६४६०६ | ७०१३७ | ३५१४१६ | २२१०१४ |
| प्रतिशत | | **१००** | **१३.२९** | **१४.४३** | **७२.२८** | **४५.४६** |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.४८ करोड ६१ लाख ६० हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.६ करोड ४६ लाख ६ हजार अर्थात १३.२९ प्रतिशत, दोश्रो चौमासिकमा रु.७ करोड १ लाख ३७ हजार ,अर्थात १४.४३ प्रतिशत तेश्रो चौमासिकमा रु.३५ करोड १४ लाख १६ हजार, अर्थात ७२.२८ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.२२ करोड १० लाख १४ हजार अर्थात ४५.४६ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>११</td><td></td><td></td><td>लक्ष्य प्रगति :<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ मा भएको व्यवस्था बमोजिम कार्यालयले त्रैमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियमावली बमोजिमको ढाँचामा त्रैमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।
<table>
<tr><th rowspan="2">कार्यक्रम/योजना</th><th rowspan="2">कुल कार्यक्रम</th><th colspan="4">वार्षिक प्रगति स्थिती</th></tr>
<tr><th>शून्य प्रगती</th><th>२५%सम्म प्रगति</th><th>५०% सम्म प्रगति</th><th>७५% सम्म प्रगति</th></tr>
<tr><td>मुख्य कार्यक्रम संख्या</td><td>३</td><td>१</td><td></td><td></td><td>२</td></tr>
<tr><td>सहायक कार्यक्रम संख्या</td><td>१९५</td><td>०</td><td>०</td><td>०</td><td>१९५</td></tr>
</table></td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>गत बर्षको दायित्व<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गते भित्र भुक्तानी बाँकीको बिबरण प्रमाणित गरी राख्नुपर्ने व्यबस्था छ । पालिकाले २०७७।७८ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु.१४४६२४६८।०० भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणित गराएको आधारमा यो बर्ष (२०७८।७९) को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था गरी उक्त रकम भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नगर्न व्यबस्था मिलाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम पालिकाको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा पालिकामा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म १९ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित २१ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **कर्मचारी करार**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा पालिकाले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । कानून बमोजिम मात्र कर्मचारी पदपूर्ति गर्नुपर्दछ। तर पालिकाले विभिन्न फिल्ड सहायक रोजगार संयोजक प्राविधिकहरु कार्यालय सहयोगी लगायत पदमा ९६ जना कर्मचारीहरु करारमा राखि रु.२२२९१४२१।०० खर्च लेखेको छ ।<br><br>त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले माथि उल्लेखित पद वाहेकको विभिन्न फिल्ड सहायक रोजगार संयोजक प्राविधिक पदमा ७४ जना करार नियुक्ति गरी बर्षभरीमा रु.१७७०२८११।०० भुक्तानी गरेको छ । पालिकाले O&M गरी कामको विश्लेषण, आन्तरिक आय, संघबाट भएको पूर्ति, स्थानीय निकायमा समायोजन, हाल करारमा रहेकाको स्थिति र दरबन्दीको विवरण तयार गरी अत्यावश्यक कर्मचारी मात्र पूर्ति गर्ने व्यवस्था मिलाउनुपर्नेमा सो बमोजिम नगरी करारमा कर्मचारी राखि तलव भत्ता खर्च देखिएको रु.. | १७,७०२,८११ |
| १५ | | | **आन्तरिक लेखापरीक्षण**<br>पालिका संचालन ऐन, २०७४ को दफा ७७ (२) मा पालिकाले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर गाउँपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| १६ | | | **आन्तरिक लेखापरीक्षण शाखा :**<br>प्रत्येक पालिकाले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाँच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस पालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **सेवाप्रवाहको स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार पालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नाअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | २००३ |
| मृत्युदर्ता | १२४ |
| बसाईसराई दर्ता | ८८ |
| विवाह दर्ता | १२८ |
| सम्बन्धविच्छेद दर्ता | १ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ० |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | ० |
| ग्राभेल सडक मर्मत | ० |
| कच्ची सडक निर्माण | २६।३२ किमि |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक अवस्था देखिएन ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **कानून र सञ्चालन स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार पालिकाहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । पालिका सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ४ वटा ऐन, ४ वटा नियमावली, २१ कार्यविधि लगायत ३१ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । तर पालिकाले ३१ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ । | |
| १९ | | | **न्यायीक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २ विवाद रहेकोमा यो बर्ष थप भए नभएको तथा फर्स्यौट भई बाँकी के कति भएको विवरण पेश भएन । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| २० | | | **खाना तथा विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.१३१९७५।०० खर्च गरेको छ । | |
| २१ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा पालिकाको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष १७ जनालाई रु.५ हजार देखि रु.२५ हजार सम्म गरी रु.६१३७५०।०० आर्थिक सहायता वितरण गरेको छ । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२२</td><td></td><td></td><td>सवारीसाधन खरिद<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको पालिकामा बजेट तर्जुमा कार्यान्वियन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान दुई पांङ्ग्रे सवारि साधन खरिदमा रु.५१५८००।००, बजेटबाट खर्च गरेको छ ।यस प्रकारको खर्चमा नियन्त्रण गर्नुपर्दछ।
<table>
<tr><th>सि.नं</th><th>सवारी साधन</th><th>संख्या</th><th>रकम</th></tr>
<tr><td>१</td><td>मोटरसाइकल</td><td>२</td><td>५१५८००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२</td><td>५१५८००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>महोत्सव तथा अन्य खर्च<br>स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर गाउँपालिकाले यस वर्ष मौला पुजा, तथा धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु.१२००००।०० खर्च गरेको छ ।यस्तो किसिमका खर्चमा रोक लगाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>वडा सचिवको पदपूर्ति<br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।
<table>
<tr><th>वडा संख्या</th><th>वड सचिवको दरबन्दी</th><th>वडा सचिवको पदपूर्ति</th><th>रिक्त वडा सचिव</th></tr>
<tr><td>११</td><td>११</td><td>५</td><td>६</td></tr>
</table>
रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२५</td><td></td><td></td><td>

**डोजर, लोडर, एक्साभेटर मर्मत**

पालिकामा रहेको डोजर, लोडर र एक्साभेटरको मर्मत तथा ईन्धनमा यो वर्ष कार्यालयले रु.४५००००।०० खर्च गरेकोमा उक्त ब्याक हो लोडर भाडामा लगाएबापत कार्यालयले आम्दानी गरेको छैन भने पालिकाद्वारा संचालित योजनामा समेत यसको प्रयोग भएको पाईएन । कार्यालयले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरि प्रयोग गर्नु पर्दछ।

<table>
<tr><td>सि.नं</td><td>मेशिनरी</td><td>संख्या</td><td>मर्मत तथा ईन्धन रकम</td><td>आम्दानी रकम</td></tr>
<tr><td>१</td><td>ब्याक होलोडर</td><td>१</td><td>४५००००</td><td>०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>४५००००</td><td>०</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>

**ठेक्का व्यबस्थापनः**

सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली, २०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, शिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । गाउँपालिकाबाट संचालित योजनाको खरिद कार्य देहाय बमोजिम भएको देखिन्छः(रु.हजारमा)

<table>
<tr><th rowspan="2">कुल निर्माण खर्च</th><th colspan="2">सोझै खरिद</th><th colspan="2">सिलबन्दी दरभाउपत्र</th><th colspan="2">बोलपत्र</th><th colspan="2">तेश्रो चौमासिकमा व्यवस्था भएको</th></tr>
<tr><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th></tr>
<tr><td>८५२४</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>३</td><td>८५२४</td><td>०</td><td>०</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>

**आयको अनुमानः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२७०७८०८०।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु.१२५३६९८.०७ अर्थात अनुमानको ४.६३ प्रतिशत आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यथार्थपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | | | **कर तथा शुल्क असुली -**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र अशुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।<br><br>(तालिका तल)<br><br>पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ । | |

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ० | ० | ० |
| घरजग्गा वहाल कर | १०००००० | २६०६५ | २.६० |
| अन्य कर | १०००००० | २१८९११ | २१.८९ |
| अन्य सेवा शुल्क तथा विक्री | ९८६६२३६ | ७६२४५ | ०.७७ |
| अन्य प्रशासनिक सेवा शुल्क | ४०००००० | १४८९७५ | ३.७२ |
| सिफारिस दस्तुर | ३०००००० | ७५९१८ | २.५३ |
| व्यक्तिगत घटना दर्ता दस्तुर | २०००००० | ९०००० | ४.५ |
| अन्य दस्तुर | १००००० | १२४७७० | १२४.७७ |
| बेरुजु | ६१११८४४ | ४९२८१४ | ८.०६ |
| **जम्मा** | **२७०७८०८०** | **१२५३६९८** | **४.६३** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९ | | | **राजश्व अभिलेख :**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ मा भएको व्यवस्था अनुसार कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा अघिल्लो आ.व.को बाँकी के कति रसिद छन सोको पुर्ण अभिलेख राखेको देखिएन । पालिकाबाट सवै वडाहरुमा स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| ३० | | | **राजश्व दाखिला :**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८(२) अनुसार आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लागउने र सो भन्दा ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लागाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारबाही समेत गर्ने गराउने उल्लेख छ। पालिका अन्तर्गत ११ वटा वडा बाट प्राप्त गरेको राजश्व रकम एक महिनाभित्र दाखिला हुने गरेको छ । कानूनले तोकिएको समयावधि भित्र राजस्व रकम दाखिला गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । पालिकाले नगदी रसिद नियन्त्रण खाता राखि व्यबस्थित रुपमा ठेलि तथा रसिद नम्बर खुलाएर रसिद ठेलि बुझाउने, बुझाएको ठेलीबाट प्राप्त आम्दानी सम्बन्धमा पोष्टिङ गरी जोडजम्मा तथा परीक्षण गर्न सकिने बनाउने, फिर्ता लिएको बाँकी रसिद नम्बर समेत खुलाएर अभिलेख राख्ने र प्राप्त राजश्व पालिकाले समेत परीक्षण गरी एकिन गर्नु पर्नेमा वडाबाट दाखिला भौचरको आधारमा मात्र आम्दानी गर्ने र राजश्व शाखाले रसिदहरु पोष्टिङ नगरी प्राप्त आम्दानी बैँक दाखिला गरेको पाईदा प्राप्त हुनुपर्ने राजश्व र प्राप्त राजश्व भिडान गर्न सकिएन । साथै लेखाशाखाले आम्दानी, गोश्वरा भौचर उठाउदा गोश्वरा भौचरसँग बैँक भौचर नहुने, शाखामा रहेको भौचरमा नगदी रसिद नम्बर उल्लेख नहुने, मालपोत रसिद र नगदि रसिद नछुट्टिने, वडागत तथा शीर्षकगत आम्दानी राजश्व शाखाले पनि तयार नगर्ने अवस्थाले राजश्वको अभिलेख व्यवस्था कमजोर रहनुका साथै परीक्षण गर्न सक्ने अवस्थामा रहेको पाईएन । नगद आम्दानी रकम दैनिक रुपमा तथा भोलिपल्ट समेत दाखिला नभइ दुरीको कारण मासिक रुपमा ढिलो दाखिला हुने गरेकोमा नियमानुसार समयमा दाखिला गर्न पालिकाले व्यवस्था मिलाउनु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३१</td><td></td><td></td><td>पालिकाका पदाधिकारी सुविधा :<br>कर्णाली प्रदेश पालिकाका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७७ को दफा ३ मा पदाधिकारी र सदस्यले आफु निर्वाचित भई काम कारबाही शुरु गरेको मिति देखि अनुसुची १ र २ मा उल्लेख भए बमोजिमको रकममा नबढ्ने गरी स्थानीयतहको आन्तरिक श्रोतको आधारमा सुविधा पाउने व्यवस्था छ । पालिकाले पदाधिकारीहरुलाई यस वर्ष रु.७९१८४५०।०० रकम सुविधा वापत भुक्तानी गरेको छ ।
<table>
<tr><th>सि नं</th><th>विवरण</th><th>अध्यक्ष</th><th>उपाध्यक्ष</th><th>वडाअध्यक्ष</th><th>कार्यपालिका सदस्य</th><th>वडाका सदस्य</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>पत्रिका</td><td>४२०००</td><td>६०००</td><td>४६२०००</td><td>८४०००</td><td>२५५०००</td><td>८४९०००</td></tr>
<tr><td>२</td><td>सञ्चार</td><td>४२०००</td><td>६०००</td><td>४६२०००</td><td>८४०००</td><td>५१४०००</td><td>११०८०००</td></tr>
<tr><td>३</td><td>अतिथि</td><td>७००००</td><td>८०००</td><td>६१६०००</td><td>८४०००</td><td>५१४०००</td><td>१२९२०००</td></tr>
<tr><td>४</td><td>अनुगमन</td><td>२१००००</td><td>२४०००</td><td>१२३२०००</td><td>८४०००</td><td>१०२१४५०</td><td>२५७१४५०</td></tr>
<tr><td>५</td><td>विद्युत</td><td>४२०००</td><td>६०००</td><td>१५४०००</td><td>८४०००</td><td>२५५०००</td><td>५४१०००</td></tr>
<tr><td>६</td><td>खानेपानी</td><td>५६०००</td><td>६०००</td><td>१५४०००</td><td>८४०००</td><td>२५५०००</td><td>५५५०००</td></tr>
<tr><td>७</td><td>यातायात</td><td>१६८०००</td><td>२४०००</td><td>०</td><td>०</td><td>०</td><td>१९२०००</td></tr>
<tr><td>८</td><td>चाडपर्व</td><td>१५०००</td><td>०</td><td>१६५०००</td><td>९००००</td><td>५४००००</td><td>८१००००</td></tr>
<tr><td></td><td>कुल जम्मा</td><td>६४५०००</td><td>८००००</td><td>३२४५०००</td><td>५९४०००</td><td>३३५४४५०</td><td>७९१८४५०</td></tr>
</table></td><td></td></tr>
<tr><td>३२</td><td>३९६</td><td>२०७९-३-२५</td><td>पदाधिकारी अन्य सुविधा<br>कर्णाली प्रदेश पालिकाका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत)को दफा ३ मा पालिकाका पदाधिकारीहरुले अनूसूची १(क),१(ख),१(ग) मा उल्लेख भएको भन्दा बढी हुने गरी पादाधिकारी सुविधा दिन मिल्ने देखिदैन । तर पालिकाले उक्त ऐनमा उल्लेख भएको भन्दा बढी हुने गरी कार्य वाहाक अध्यक्ष शिवा आर्चायलाई मुस्कान ईलेक्ट्रोनिक्स एण्ड ईलेक्ट्रोकल वर्कसपबाट विल पेश गरी रु.२४०००।०० बढी भुक्तानी दिएको देखिन्छ । नियममा उल्लेख भएको भन्दा बढी भुक्तानी दिएको संचार खर्च अनियमित देखिएको रु</td><td>२४,०००</td></tr>
</table>


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ३३ | | | **भ्रमण खर्च :**<br>कर्णाली प्रदेश अन्तर्गतका पालिकाका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .<br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>• स्पष्ट प्रयोजन बेगर पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br><br>तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ३४ | | | **कर्मचारी प्रोत्साहन भत्ता -**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था पालिकाले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । यस पालिकाले कानून नबनाई यो बर्ष निम्नानुसार प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएकोले अनियमित देखिएको रु.<br><br>**गो भौ नं र मिति** / **विवरण** / **रकम**<br>३८१।०७९।३।२५ / गाउँसभामा कार्य गरे वापत ८ जना कर्मचारीलाई प्रोत्साहन तथा पुरस्कार वापत भुक्तानी / २३७४९०<br>१७।०७८।६।१७ / साउन देखि असोज सम्म कर्मचारीहरुलाई प्रोत्साहन भत्ता वापत ४५ जना कर्मचारीलाई भुक्तानी / १३२९०००<br>**जम्मा** / **१५६६४९०** | १,५६६,४९० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । पालिकाका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुन आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले सार्थकता नपाउने हुँदा पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| ३६ | | | **विल भरपाईः**<br>आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय अनुसारको भुक्तानीमा संलग्न फाँटवारीमा विल भरपाई पेश वेगर भुक्तानी दिएकाले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गरी आन्तरिक कोषमा दाखिला गर्नुपर्ने रु. | १,३९३,२२१ |

| गो.भौ.नं र मिति | विवरण | रकम |
|---|---|---|
| ३०९।०७९।३।२१ | लाल आवाज साप्ताहिक लाई सुचना प्रकाशन वापत रु.१०००००।०० भुक्तानीमा लेखापरीक्षणको अवधि सम्म फोटोकपी विल भरपाई संलग्न राखि भुक्तानी भएकोमा सक्कल विल प्रमाण पेश गर्नुपर्ने रु. | १००००० |
| ९१।०७९।१०।२३ | नेशनल प्रिन्टिङ्ग प्रेस लाई भुक्तानी रु.२८२५००।०० भुक्तानीमा लेखापरीक्षणको अवधि सम्म फोटोकपी विल भरपाई संलग्न राखि भुक्तानी भएकोमा सक्कल विल प्रमाण पेश गर्नुपर्ने रु. | २८२५०० |
| १९। | राजेन्द्र थापालाई गाडी मर्मतको लागि रु.२७३०५५।०० भुक्तानी गरेकोमा लेखापरीक्षणको अवधि सम्म फोटोकपी विल भरपाई संलग्न राखि भुक्तानी | २७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | ०७८।६।१७ | भएकोमा सक्कल विल प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गरी दाखिला गर्नुपर्ने रु. | ३०५५ | |
| | | | २५१।०७९।३।१२ | प्रेमज्योति प्रावि ८ मैनपाखा जाजरकोटलाई सामाग्री खरिद वापत रु.१००००००।०० भुक्तानी गरेकोमा श्री मालटाकुरा प्रावि ६ वडासैनको फोटो पेश गरी भुक्तानी लिएको देखिएकाले उक्त सामान खरिद गरेको सक्कल विल भरपाई तथा विद्यालयमा दाखिला भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गरि दाखिला गर्नुपर्ने रु. | २६५३०२ | |
| | | | ४५।०७८।८।९ | समिका रिसर्च एण्ड ट्रेनिङ्ग सेन्टर प्रालि लाई आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी कार्यविधि निर्माण वापत रु४७२३६४।०० भुक्तानी गरेकोमा प्रालिले २०७८।५।२७ मा प्रतिवेदन पेश गरेको पत्र पेस भएकोमा लेखापरीक्षणको अवधि सम्म जिन्सी दाखिला भएको नदेखिएको तथा उक्त प्रणाली पालिकाले कार्यन्वयन गरेको नदेखिएकाले लागु गर्नुपर्ने तथा जिन्सी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु. | ४७२३६४ | |
| | | | **जम्मा** | | **१३९३२२१** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३७</td><td></td><td></td><td>
योजना छनौट र कार्यान्वियन :<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम पालिकाले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ ।सभाबाट स्वीकृत बार्षिक गाउँ।नगर विकास योजना २०७८।७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।
<table>
<tr><th>रु १ लाख सम्म</th><th>रु १ लाख देखि २ लाख सम्म</th><th>रु २ लाखदेखि ५ लाख सम्म का</th><th>रु ५लाख देखि १० लाख सम्मका</th><th>रु १०-50 लाख सम्म</th><th>जम्मा</th></tr>
<tr><td>६४</td><td>४८</td><td>५५</td><td>२१</td><td>७</td><td>१९५</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.५० हजार देखि रु.५० लाख सम्मका जम्मा १९५ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका ६४ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।
</td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>
अनुदानको अनुगमन<br>
सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले देहायका फर्म तथा सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा खर्च लेखेको छ । पालिकाले बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा पालिकाबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।
<table>
<tr><th>गो.भौ नं.र मिति</th><th>भुक्तानी पाउने संस्थाको नाम</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>७४।०७८।१०।१८</td><td>पञ्चला साना कृषि सहकारी संस्था</td><td>बाख्रा श्रोत केन्द्र विकास कार्यक्रम</td><td>१०२५००</td></tr>
<tr><td>३६४।०७९।३।२४</td><td>प्रतिज्ञा कृषि फर्म प्रालि</td><td>फर्म संचालन अनुदान</td><td>९६५२०</td></tr>
<tr><td>३२७।०७९।३।२२</td><td>दिपेन्द्र मल्टि सर्भिस प्रालि</td><td>वोका वाख्रा खरिद अनुदान</td><td>१९४०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>२९३०२०</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३९</td><td></td><td></td><td>
पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च<br>
पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै पालिकाले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवं उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस पालिकाले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमको खर्च अन्तर्गत विभिन्न व्यक्तिहरुलाई तलब भत्ता शिर्षकमा पूँजीगत शीर्षकबाट रु.५० लाख भुक्तानी दिएको पाईयो ।
<table>
<tr><th>सि.नं.</th><th>भुक्तानी पाउने संस्था तथा व्यक्ति</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>१</td><td>विभिन्न ब्यक्तिहरु</td><td>कर्मचारी तलब भत्ता</td><td>५००००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>५००००००</td></tr>
</table>
यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।
</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>
अनुत्पादक खर्च –<br>
सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु.१०५०००।०० खर्च गरेको देखिन्छ ।
<table>
<tr><th>गो.भौ नं.र मिति</th><th>भुक्तानी पाउने संस्थाको नाम</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>९९।०७८।११।६</td><td>हाम्रो स्वर्ग चलचित्र निर्माण संस्था</td><td>चलचित्र हाम्रो स्वर्ग निर्माण</td><td>१९५०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१९५०००</td></tr>
</table>
यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।
</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>
बार्षिक खरिद योजना/गुरुयोजना :<br>
सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने, नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१५ करोड ४५ लाख २२ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | | | **पारिश्रमिक कर छूटः**<br>आयकर ऐन, २०५८ को दफा ८७ अनुसार रोजगार दाताबाट अनुसूची १ बमोजिम कर कट्टा गर्नु पर्ने व्यवस्था छ ।यस पालिकाका पदाधिकारीहरुको बार्षिक आयमा लाग्ने कर नियमानुसार कट्टी गर्न छुट देखिएकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु. | ५७,००० |
| ४३ | | | **भुक्तानीमा कर**<br>आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने रु.२९०३२।०० कर कट्टी गरेको छैन । तसर्थ उक्त कर असुल हुनुपर्ने रु. | २९,०३२ |

| कर्मचारीको नाम | खुद बार्षिक आय | कर छुट | कर योग्य आय | कट्टी गरेको | छुट पारिश्रमिक कर |
|---|---|---|---|---|---|
| वडा नं ४ अध्यक्ष श्री खम्ब जंग शाह | ६४०००० | ४५०००० | १९०००० | ०।०० | २८००० |
| गाउँपालिका का वा अध्यक्ष शिवा आर्चाय | ६४५००० | ४५०००० | १९५००० | ०।०० | २९००० |
| **जम्मा** | | | | | **५७०००** |

| गोभौनं./मिति | विवरण | भुक्तानी रकम | करको दर | कर रकम | करकट्टी रकम | नपुग कर |
|---|---|---|---|---|---|---|
| ३७।०७८।११।१६ | डीपीआर खर्च भुक्तानी मुनलाईट इन्जिनियरिङ | १८६४५०० | १.५ | २४७५० | ३२१८ | २१५३२ |
| ४०४।०७९।३।३२ | जन स्वा निरिक्षक प्रेम बहादुर शाहीको गत आ व कार्यक्रमको खर्च पेश्की फर्स्योटमा कर दाखिला छुट भएको | २८४४०० | १५% | ४२६६ | ० | ४२६६ |
| | उद्यम विकास सहजकर्ता कमला बस्नेत साम्रगी खरिद | २१५६०० | १.५ % | ३२३४ | ० | ३२३४ |
| | **जम्मा** | | | | | **२९०३२** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४४</td><td></td><td></td><td>
शिक्षक दरवन्दी र पदपूर्तिः<br>
पालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस पालिका अन्तर्गत विभिन्न तहका ६३ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th rowspan="2">सि. नं.</th><th rowspan="2">विद्यालय</th><th colspan="4">शिक्षक दरबन्दी</th><th colspan="5">पदपूर्ति</th><th rowspan="2">विद्यार्थी संख्या</th></tr>
<tr><th>दरबन्दी</th><th>राहत</th><th>शिक्षण सिकाई अनुदान</th><th>गाउ पालिका शिक्षक अनुदान</th><th>स्थायी</th><th>करार</th><th>राहत</th><th>शिक्षण सिकाई अनुदान</th><th>गाउ पालिका शिक्षक अनुदान</th></tr>
<tr><td>१</td><td>बाल विकास</td><td>४०</td><td>०</td><td>०</td><td>५२</td><td>०</td><td>४०</td><td>०</td><td>०</td><td>४२</td><td>१४७५</td></tr>
<tr><td>२</td><td>प्रावि</td><td>६८</td><td>३८</td><td>२८</td><td>४२</td><td>४८</td><td>१९</td><td>३८</td><td>२६</td><td>३४</td><td>५९७४</td></tr>
<tr><td>३</td><td>निमावि</td><td>७</td><td>१५</td><td>३</td><td>२७</td><td>६</td><td>१</td><td>१५</td><td>३</td><td>२६</td><td>२२६३</td></tr>
<tr><td>४</td><td>मावि</td><td>७</td><td>११</td><td>४</td><td>९</td><td>५</td><td>०</td><td>१०</td><td>४</td><td>९</td><td>१३७५</td></tr>
<tr><td>५</td><td>उमावि</td><td>०</td><td>१२</td><td>०</td><td>५</td><td>०</td><td>०</td><td>१२</td><td>०</td><td>४</td><td>८३९</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१२२</td><td>७६</td><td>३५</td><td>१३५</td><td>५९</td><td>६०</td><td>७५</td><td>३३</td><td>११५</td><td>११९२६</td></tr>
</table>
दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td>
समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता –<br>
अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले पालिकालाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी नयाँ शैक्षिक सत्र सञ्चालनका लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.२ करोड ७८ लाख ९५ हजार ७ सय २५ तलब भत्ता तथा विभिन्न अनुदान शिर्षकमा भुक्तानी गरेको पाईयो ।स्वीकृत दरवन्दी बाहेकका शिक्षकको पारिश्रमिक खर्च लेख्न नमिल्ने हुदा अनियमित देखिएको रु
</td><td>२७,८९५,७२५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | | | **स्यानीटरी प्याड खरिदः**<br>कार्यक्रम कार्यान्वियन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. २.७.१३.२३ मा सामुदायिक विद्यालयका कक्षा ६...१२ मा अध्ययनरत छात्राहरुका लागि लागि निशुल्क स्यानीटरी प्याड व्यवस्थापनका लागि प्रति विद्यार्थी अनुदान दिने र यो व्यवस्था अनुसार छात्राहरुलाई प्याड उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ ।पालिकाले शसर्त चालुको १८५।२०७९।३।८ बाट २३१८३ प्याकेट स्यानीटरी प्याड खरिदमा रु २२२१७७८ खर्च लेखेको छ । उक्त प्याडहरु विद्यालयमा हस्तान्तरण नगरी पालिकाको गोदाममै स्टक राखेको छ । आवश्यकतालाई महशुस नगरी खरिद प्रयोजनार्थ उक्त प्याडहरु खरिद गर्ने र उक्त प्याडहरु सम्बन्धीत ठाउँमा हस्तान्तरण नगर्नेहरुलाई जिम्मेवार वनाइ वितरण तथा हस्तान्तरण भएको प्रमाण पेश गर्नुपर्ने रु | २,२२१,७७८ |
| ४७ | | | **विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानः**<br>कार्यक्रम कार्यान्वियन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.१३.१३ मा भएको व्यवस्था अनुसार पालिकाभित्रका विद्यालयबाट छनोट गरी विद्यालयमा पुस्तकालय, ICT र विज्ञान प्रयोगशाला वापत रु ६५०००० अनुदान दिनुपर्ने व्यवस्था छ ।उक्त अनुदानवापत को रकमको विद्यालयले कार्यसम्पन्न गरेको प्रमाण पेश गर्नुपर्ने रु | १,९५०,००० |

| सि न | गो भौ र मिति | विद्यालयको नाम | प्रयोजन | रकम |
|---|---|---|---|---|
| १ | १२८।२०७९।३।१० | भैरव मावि मजकोट | विज्ञान प्रयोगशाला | ६५०००० |
| २ | १२८।२०७९।३।१० | पञ्चला मावि कल्ली | ICT | ६५०००० |
| ३ | १२८।२०७९।३।१० | भानुभक्त हिमालय मावि मैप | पुस्तकालय | ६५०००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४८</td><td></td><td></td><td>राष्ट्रपति शैक्षिक सुधार भौतिक निर्माणः -<br>शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक पालिकाले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, पालिका अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु पालिकाले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा मिति २०७९।१।५ च.नं. ६०१ को निर्देशनको बुँदा नं. २ अनुसार प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ ।पालिकाले उक्त कार्यक्रमका लागि देहायका विद्यालयलाई पहिलो किस्तामा पेश्की र बाकी निकाशा वापत रु. १ करोड ३६ लाख ८० हजार निकासा भएको छ ।विद्यालयहरुले पेश्की फर्स्यौट गरेतापनि विद्यालय निर्माणसँग सम्बन्धित सम्पूर्ण कागजात पालिकामा पेश गरेका छैनन् । तसर्थ निर्माणसँग सम्बन्धित कागजात तथा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु.<br>
<table>
<tr><th>सि न</th><th>विद्यालयको नाम</th><th>कार्यक्रम</th><th>बजेट</th></tr>
<tr><td>१</td><td>शिवपुरी मावि गर्खाकोट</td><td>४ कोठे भवन निर्माण</td><td>३४२००००</td></tr>
<tr><td>२</td><td>कालिका देवि प्रावि</td><td>२ कोठे भवन निर्माण</td><td>१७१००००</td></tr>
<tr><td>३</td><td>मष्टा प्रावि तलिघुइरा</td><td>२ कोठे भवन निर्माण</td><td>१७१००००</td></tr>
<tr><td>४</td><td>आदर्श मावि लुहादह</td><td>४ कोठे भवन निर्माण</td><td>३४२००००</td></tr>
<tr><td>५</td><td>महेन्द्र आवि कोर्ताङ्ग</td><td>४ कोठे भवन निर्माण</td><td>३४२००००</td></tr>
</table></td><td>१३,६८०,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४९</td><td></td><td></td><td>कन्टेन्जेन्सी कट्टा गर्न नमिल्ने :<br>कार्यक्रम कार्यान्वियन पुस्तिका २०७७।७८ को खण्ड १(३) को (र) मा विद्यालयमा जाने भौतिक निर्माणको रकममा कार्यालयले कन्टेन्जेन्सी कट्टा गर्न नपाइने उल्लेख भएकोमा निम्न विद्यालयहरुलाई राष्ट्रपति शैक्षिक सुधार तथा भवन निर्माणको निकासा दिदा कन्टेन्जेन्सी कट्टा गरेर घटी निकासा दिएको छ । यसरी नियमावलिमा भएको व्यवस्था विपरितको कार्य अनियमित देखिएको रु
<table>
<tr><th>सि न</th><th>विद्यालयको नाम</th><th>कार्यक्रम</th><th>बजेट</th><th>कन्टिन्जेन्सी कट्टी रकम</th></tr>
<tr><td>१</td><td>शिवपुरी मावि गर्खाकोट</td><td>४ कोठे भवन निर्माण</td><td>३६०००००</td><td>१८००००</td></tr>
<tr><td>२</td><td>कालिका देवि प्रावि</td><td>२ कोठे भवन निर्माण</td><td>१८०००००</td><td>९००००</td></tr>
<tr><td>३</td><td>मष्टा प्रावि तलिघुइरा</td><td>२ कोठे भवन निर्माण</td><td>१८०००००</td><td>९००००</td></tr>
<tr><td>४</td><td>आदर्श मावि लुहादह</td><td>४ कोठे भवन निर्माण</td><td>३६०००००</td><td>१८००००</td></tr>
<tr><td>५</td><td>महेन्द्र आवि कोर्ताङ्ग</td><td>४ कोठे भवन निर्माण</td><td>३६०००००</td><td>१८००००</td></tr>
</table></td><td>७२०,०००</td></tr>
<tr><td>५०</td><td></td><td></td><td>प्रशिक्षक भत्ता वितरणः<br>अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिकामा कार्यक्रममा पारिश्रमिक भत्ता र शेसन सम्बन्धी व्यवस्था रहेको छ ।उक्त निर्देशिकामा प्रतिदिन १ घण्टा ३० मिनेटका ४ वटा सेशन सम्म प्रशिक्षण गर्न सक्ने व्यवस्था छ । कार्यक्रम संयोजक कमला बस्नेतले मेड्पा कार्यक्रम वापत २ दिने तालिम सञ्चालनमा प्रशिक्षक कासिराम न्यौपानेलाई २ दिनको १२ सेशनको प्रति सेशन रु १६०० का दरले रु.१९२०० भुक्तानी गरेकोमा रु. २८८० करकट्टी गरी भुक्तानी गरेको पाइयो । निर्देशिकामा भएको व्यवस्था बमोजिम प्रतिदिन ४ वटा मात्र सेशन प्रशिक्षण गर्न पाउने हुदा बढी भुक्तानी भएको ४ सेशनको रकम रु ५४४० असुल गरी दाखिला गर्नुपर्ने रु</td><td>५,४४०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१ | | | **औषधी खरिद –**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर पालिकाहरुले उक्त प्रक्रियावेगर रु.२३९९७८७।०० का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु न्निानुसार छनः<br><br>• खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य सम्बन्धमा राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको देखिएन,<br>• आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।<br>• औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको ।<br><br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ५२ | | | **छोरी सुरक्षा कार्यक्रमः**<br>बैंक खाता छोरीको, सुरक्षा जीवन भरिको कार्यक्रम सञ्चालन कार्यविधि २०७६ को दफा ४ मा वि.स. २०७६ श्रावण १ गते वा सो भन्दा पछि जन्मीएका कर्णाली प्रदेश भित्रका छोरीलाई प्रदेश सरकारले निज छोरी २० वर्षको हुँदा सम्म जन्मेको पहिलो महिनाको रु १०००। र त्यसपछि मासिकरु ५००। का दरले बैंक खातामा रकम जम्मा गरिदिने व्यवस्था छ । त्यसै गरी कार्यक्रममा सहभागी छोरीले माध्यामिक तहसम्मको अध्ययन पुरा नगरेमा वा अध्ययन बिचैमा छोडेमा, २० वर्ष नपुग्दै विवाह गरेमा सो रकम उपलव्ध नगराउने समेत उल्लेख भएबाट गाउँपालिकाले रकम बैकखातामा जम्मा गर्नु अघि ती छोरीहरुको स्थिति, अवस्थाका बारेमा स्पष्ट हुनुजरुरी छ । प्रति छोरीको २० वर्षसम्म अभिलेख अद्यावधिक गर्नुपर्ने र प्रत्येक वर्ष जन्मेका थप छोरीको समेत अभिलेख अद्यावधिक गर्दै जानुपर्ने, अनुगमन संयन्त्र वनाउनु पर्नेमा पालिकामा ३४२ जना छोरीको दर्ता किताब मात्र तयार गरी बैंकमा रकम रु १९५०००० पठाएको हुंदा वर्षहरुमा थप हुँदै जानेको संख्या समेत अभिलेख तयार गर्ने तर्फ ध्यानाकर्षण हुनुजरुरी देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५३ | | | **कृषि कार्यक्रम तर्फः**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्दछ ।विउ विजन खरिद, विरुवा खरिद, कृषि सामाग्री, मेशीन लगायतका सामान खरिद गरी कृषकलाई वितरण गरेको भर्पाइ संलग्न गर्ने गरेको पाइयो भने अनुगमन भत्ता खर्च लेख्दा निरिक्षण अनुगमन प्रतिवेदन लिने गरेको पाइएन । त्यस्तै गरी वितरण भर्पाइ कार्यालय प्रमुखबाट प्रमाणित हुने गरेको छैन । अतः कृषक छनौटको आधार, वितरित बिउ, विजन बिरुवा, कृषि सामाग्री कृषकले प्राप्त गरेको र सदुपयोग भएको सुनिश्चित हुने निरीक्षण अनुगमन प्रतिवेदन पेश हुनु पर्दछ भने वितरित विउ विजन बिरुवाको परिमाण ठुलो देखिएकोले त्यस्ता विरुवा विउ विजन प्रयोग हुने जग्गा कृषकसँग रहेको प्रमाण समेत अनुगमन निरिक्षण हुनुपर्दछ ।<br><table><tr><td>भौ. नं. मिति</td><td>विवरण</td><td>विउ विजनको मूल्य</td></tr><tr><td>९१।२०७८।१२।६</td><td>सिमि, वोडी, काक्रा, टमाटर लगायत तरकारीको १९५९ प्या विउ खरिद</td><td>२५६०००</td></tr><tr><td>१।२०७९।३।३</td><td>विजु खरिद दाँते ओखर ३४००० वटा</td><td>२७८८०००</td></tr></table> | |
| ५४ | | | **अनुदानको अनुगमन –**<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले १२ कृषि तथा पशुसेवा सहकारी संस्था र समूहलाई बीउपूँजी तथा अनुदानमा रु. २४ लाख ८० हजार अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा पालिकाबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५५ | | | **नाफामूलक फर्म तथा व्याक्तिलाई अनुदानः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।तर पालकाले यस वर्ष निम्नानुसारका नाफामूलक तथा व्याक्तिगत फर्मलाई अनुदान दिइ खर्च लेखेको छ ।सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ ।<br>क्र स / फर्मको नाम / अनुदान रकम<br>१ / लालिगुरास बाख्रा फर्म / ९३२००<br>२ / हरियाली कृषि तथा पशुपालन फर्म / ९३२००<br>३ / एकान्त एग्रो फर्म / ४५७२०<br>४ / एलिना कृषि तथा पशुपक्षी फर्म / ४५५०० | |
| ५६ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम –**<br>प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकामा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ ।यस पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छ । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत पालिकाभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १४९० जनालाई रोजगारी उपलव्ध गराई रु.६ करोड ८८ लाख ४५ हजार खर्च गरेको छ । लक्षित वर्गलाई ५५ दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५७</td><td></td><td></td><td>बढी भुक्तानीः-<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) अनुसार सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिनआवश्यक विल भर्पाई र कागजात संगल्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकाले निम्नानुसारका कार्यको रकम भुक्तानी गर्दा संझौता,विल भपाई तथा कार्य सम्पन्न प्रतिवेदन अनुसार भुक्तानी गर्नुपर्ने भन्दा बढी भुक्तानी गरेको पाईएकोले बढी भुक्तानी भएको रकम अशुल गर्नुपर्ने रु...<br><br>१) नर्मरा आदर्श मावि कोर्ताङ जुनी जुम्ला सडक चेनेज नं ०।०० देखि ४।२०० को निर्माणका लागि ओलि निर्माण सेवा जाजरकोट सँग रु २८९६९८२।१३ को संझौता भएकोमा प्रदेश र पालिका तर्फको विभिन्न ४ भौचरबाट रु.३०९५४८८।०० भुक्तानी गरेकोले रु.१९८५०५।८७ बढी भुक्तानी गरेको पाईयो।उक्त कार्यको भेरियशन आदेश जारी नभएकोले बढी भुक्तानी दिनमिल्ने देखिदैन।तसर्थ बढी भुक्तानी भएको रकम अशुल गरी प्रदेश तथा पालिकाको खातामा आम्दानी बाध्नुपर्ने रु<br><br>२) नर्मरा आदर्श मावि कोर्ताङ जुनी जुम्ला सडकको निर्माण चेनेज नं ४।२२० देखि ५।४८० को निर्माणकालागि अरुण संगम निर्माण सेवा जाजरकोट संग रु.२१७३८६५।७५ को संझौता भएकोमा रु.२३१४४६८।८३ को कार्य सम्पन्न भएको भनी सोहि अनुसार भुक्तानी गरेकोले रु.१४०६०३।०० बढी भुक्तानी गरेको छ। नियमानुसार संझौता रकम भन्दा बढी भुक्तानी दिन नमिल्ने देखिएकोले बढी भुक्तानी भएको रकम अशुल गरी प्रदेश तथा पालिकाको खातामा आम्दानी बाँध्नुपर्ने रु</td><td>३३९,१०८.८७</td></tr>
<tr><td>५८</td><td></td><td></td><td>दोहोरो मुअकर भुक्तानीः<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) अनुसार सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिनआवश्यक विल भर्पाई र कागजात संगल्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकाले लमतरा गर्खाकोट सडकको प्रथम रनिङ विल वापत खडका कृष्ण कन्स्ट्रक्सन प्रालि कोहलपुर वाँकेलाई विमा रु.१९८३९४।६६ समेत रु.१६८४०७०२।०० भुक्तानी गर्नुपर्नेमा विमावापतको रकममा पुनह मुअ कर थप गरी रु.१६८६६४९२।९५ भुक्तानी गरेको पाईएकोले रु.२५७९०।९५ बढी भुक्तानी गरेको छ।विमा वापतको विलमा पहिलेनै मुअकर हुने हुँदा थप मुअकर दिनमिल्ने देखिदैन।निर्माण व्यवसायीले विजक जारी गर्दानै विमा समेतको रकम राखि सोमा मुअकर थप गरेकोले दोहोरो मुअकर भुक्तानी भएको देखिएको रकम अशुल गरी बेरुजु खातामा दाखिला गर्नुपर्ने रु<br><table><tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr><tr><td>५८.१</td><td></td><td>०</td></tr></table></td><td>२५,७९१</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५९</td><td></td><td></td><td>कार्य सम्पादन जमानतको अवधि थप गर्ने बारेः<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११०(१) मा वोलपत्र दाताले ऐनको दफा २७(४) बमोजिमको ढाँचामा दफा २७(३) बमोजिमको म्यादभित्र वाणिज्य बैकबाट जारी भएको कार्यसम्पादन जमानत पेश गर्नुपर्ने उल्लेख छ । नियम ११०(४) मा त्यस्तो कार्य सम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको हकमा त्रुटी सच्याउने दायित्वको अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने उल्लेख छ । निर्माण कार्यको त्रुटी सच्याउने अवधि भन्नाले कार्य सम्पन्न गर्ने अवधि भन्दा एक बर्ष पछिको हुने भएकोले कार्यसम्पादन जमानतको म्याद कार्यसम्पादन गर्ने अवधि भन्दा १३ महिना बढी अवधिको हुनुपर्छ । पालिकाबाट सम्झौता भएका निम्न निर्माणकार्यको कार्यसम्पादन जमानत नियममा उल्लेख भएको अवधि भन्दा घटी अवधिको भएकोले नियमानुसार कार्य सम्पादन जमानतको म्याद थप गरेको प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><td>कामको विवरण</td><td>निर्माण व्यवसायी</td><td>संझौता मिति</td><td>सम्पन्न गर्ने मिति</td><td>जमानतको मिति</td><td>जमानतको हुनुपर्ने मिति</td><td>जमानत रकम</td></tr>
<tr><td>सडक निर्माण</td><td>अरुण संगम निर्माण सेवा जाजरकोट</td><td>०७८।११।१०</td><td>०७९।अषाढ</td><td>०७९।४।२९</td><td>२०८०।४।३०</td><td>२९५४५००</td></tr>
</table></td><td>२,९५४,५००</td></tr>
<tr><td>६०</td><td></td><td></td><td>बेरितको कर बिजक –<br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले रित पूर्कको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मु.अ.कर रु. १९४०३९३।०० समेत रु.१६८६६४९२।९५ सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएकोले मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>कर विजकको अवस्था</th><th>भुक्तानी रकम</th><th>मुअकर कर रकम</th><th>कैफियत</th></tr>
<tr><td>४५ र २०३।०७९।३।१४</td><td>खडका कृष्ण कन्स्ट्रक्सन प्रालि वाँके</td><td></td><td>फोटोकपि विजक</td><td>१६८६६४९२।९५</td><td>१९४०३९३</td><td>३० प्रतिशत मुअकर नकाटेको</td></tr>
</table></td><td>१,९४०,३९३</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६१ | | | **नन्फाइलर –** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु.३५६११८ समेत रु.३०९५४८७.९१ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन नभएको प्रमाण पेश हुनुपर्ने रु. | ३५६,११७.५३ |

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | भुक्तानी रकम | मुअकर कर रकम | नन्फाइलर रहेको मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| ३०प्रदेश तर्फ र ११३ पालिका तर्फ ०७९।२।१३ | ओलि निर्मार्ण सेवा जाजरकोट | ३०३६७५००२ | १००८४६८।९१ | ११६०१८ | 2078m9 | नियमानुसारको मुअ कर समेत नकाटेको |
| ५१र२०४।०७९।३।१४ | ओलि निर्मार्ण सेवा जाजरकोट | ३०३६७५००२ | २०८७०१९ | २४००९९।५३ | 2078m9 | नियमानुसारको मुअ कर समेत नकाटेको |
| | **जम्मा** | | ३०९५४८७.९१ | ३५६११८ | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६२</td><td></td><td></td><td>

**मूल्य अभिवृद्धि कर कट्टी –**

आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७८।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त मुल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु.

<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>भुक्तानी रकम</th><th>मुअकर कर रकम</th><th>३० प्रतिशत रकम</th></tr>
<tr><td>३७।०७८।११।१६</td><td>मुनलाईट इन्जिनियरिङ एण्ड रिसर्च कन्स. प्रालि सुर्खेत</td><td>६०६६४९१२२</td><td>१८६४५००</td><td>२१४५००</td><td>६४३५०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१८६४५००</td><td>२१४५००</td><td>६४३५०</td></tr>
</table>

</td><td>६४,३५०</td></tr>
<tr><td>६३</td><td></td><td></td><td>

**रितपूर्बकको कर बिजक –**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले रित पूर्कको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मु.अ.कर समेत सामान खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसायिले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

<table>
<tr><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>कर विजकको अवस्था</th><th>भुक्तानी रकम</th><th>मुअकर कर रकम</th></tr>
<tr><td>डि आर मिडिया प्रा लि</td><td>६१०११३७६५</td><td>फोटोकपी विल</td><td>१३४४७०</td><td>१५४७०</td></tr>
<tr><td>एम आर एडभटाइजिङ्ग एजेन्सी</td><td>६०९९६४५३६</td><td>फोटोकपी विल</td><td>९१४३९</td><td>१०५१९</td></tr>
</table>

</td><td>२५,९८९</td></tr>
<tr><td>६४</td><td></td><td></td><td>

**लागत सहभागिता —**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित पालिकाको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने देखिन्छ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

</td><td></td></tr>
<tr><td>६५</td><td></td><td></td><td>

**सव कन्ट्याक्टरबाट काम गराएको :**

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्र्याक्टरबाट गराउन नहुने व्यवस्था छ । सोही नियमावलीको उपनियम १३ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राहि समिति सँगको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा कुनै काम गर्न नदिने गरी अभिलेख राख्ने र सो काम गर्ने निर्माण व्यवसायीलाई कारवाहीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु पर्ने समेतको व्यवस्था छ ।यो वर्ष पालिकाबाट कतिपय उपभोक्ता समिति मार्फत सम्पादित निर्माण तथा जडान कार्यहरुमा निर्माण व्यवसायी लगाएको र सो काम सम्पन्न भएको विवरण सहित सम्बन्धित निर्माण व्यवसायीले उपभोक्ता समितिको नाममा जारी गरेको वील बिजकबाट समेत देखिन्छ । निम्नानुसार उपभोक्ता समितिहरुले आफुलाई प्राप्त भएको काममा निर्माण व्यवसायीलाई प्रत्यक्ष रुपमा संलग्न गराएको देखियो । तसर्थ उपभोक्ता समिति सँग पालिकाको कार्यालयको सम्झौता हुने र उपभोक्ता समितिले सो काम निर्माण व्यवसायी मार्फत गराउदा नियमावलीको उल्लिखित प्रावधान विपरित भएको देखिएकोले नियमावलीको पालना गर्न तर्फ ध्यान दिनुपर्दछ ।

| क्र सं | उपभोक्ता समितिको नाम | उपभोक्ता समिति सँग भएको सम्झौता अंक (श्रमदान बाहेक) | संलग्न निर्माण व्यवसायीको नाम | निर्माण व्यसायीलाई भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | प्राथमिक स्वास्थ्य केन्द्र देखि वडा कार्यालय सम्म सडक निर्माण उ स | ३४२०००० | चन्द विल्डर्स भक्तपुर | ३४२०००० |
| २ | मैनापाखा देखि वडा कार्यालय सम्म सडक निर्माण उ स | १९०००० | प्रान्जल निर्माण सेवा जुम्ला | १९०००० |
| ३ | नयाँ खोला परालेसडक उ स | १४२५००० | प्रतिक कन्स्ट्रक्सन दैलेख | १४२५००० |
| ४ | लामातारा सालतारा सडक उ स | ४७५००० | कृष्णसार कन्स्ट्रक्सन वाँके | ४२५००० |
| ५ | बिवेगौडा कुईया नागि सडक निर्माण उ स | ९५०००० | चन्द्र विल्डर्स | ९५०००० |
| ६ | नरमरा लुहादह सडक निर्माण उ स | ९५०००० | शिव शक्ति प्रिजम निर्माण सेवा | ९५०००० |
| ७ | पातले टाकुरी देखि चल्ले खोला सडक निर्माण उ स | १८२९२४१ | प्रान्जल निर्माण सेवा | १८२९२४१ |
| ८ | जजाय गान्का शिवपूरी सडक निर्माण उ स | १८९९९९९ | कृष्णसार कन्स्ट्रकसन | १८९९९९९ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>९</td><td>बिबे गौडा कुईया नागि सडक निर्माण उ स</td><td>९५००००</td><td>चन्द्र विल्डर्स</td><td>९५००००</td></tr>
<tr><td>१०</td><td>सिर्पा जुनी सडक निर्माण उ स</td><td>१८०५०००</td><td>प्रान्जल निर्माण सेवा</td><td>१८०५०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६६</td><td></td><td></td><td>
जनश्रमदान –<br>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । निर्माण कार्य सम्पन्न पश्चात सम्झौतानुसार अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा घटी अनुपातिक कट्टी गरेकोले देहायअनुसारको रकम असूल हुनुपर्ने रु.
<table>
<tr><th>गो भौ न र मिति</th><th>उपभोक्ता समिति र काम</th><th>सम्झौता रकम</th><th>कार्य सम्पन्न रकम</th><th>उपभोक्ताले व्यहोर्ने %</th><th>कट्टी भएको रकम</th><th>घटी अनुपातिक कट्टी रकम</th></tr>
<tr><td>१२१।२०७९।३।२२</td><td>अनाह नदी तथा खोला तटबन्धन निर्माण उ स</td><td>४१८७८९६</td><td>४१८४२७१</td><td>२०.३०</td><td>८३४३१८</td><td>१५०८९</td></tr>
<tr><td>२८३।०७९।३।२२</td><td>जुनि महिला बहुउदेश्यिय सहकारी संस्थालि.भवन निर्माण उ स</td><td>५०३३६२२</td><td>५०३३६२२</td><td>२४.५१</td><td>१०१९०६७</td><td>२१४६७४</td></tr>
</table>
</td><td>२२९,७६३</td></tr>
<tr><td>६७</td><td></td><td></td><td>
एकीकृत वस्ती विकास कार्यक्रमः<br>
कर्णाली प्रदेश भौतिक पूर्वाधार मन्त्रालयबाट यस पालिका अन्तर्गत जुनिचादे ७ मजकोटमा ४० घर परिवारलाई एकीकृत वस्ती निर्माण गर्न रु ५ लाख का दरले अनुदानमा कन्टिनजेन्सी कट्टा गरी रु ४७५००० र श्रमदान रु ३४७३६६ गरी कूल लागत अनुमान ८२२३६६ को बनाई कार्य भएको पाइयो । उक्त लागत अनुमान अनुसार शौचालय सहितको ३ कोठे घर प्रत्येक परिवारले निर्माण गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले निरन्तर अनुगमन गर्दै कार्यसम्पन्न प्रतिवेदन समेत पेश गर्नुपर्दछ ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६८ | | | **उपभोक्ता समूहले नियमको पालना नगरेको :**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उप नियम ६ मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्यांकन विल भर्पाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराइ सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने उल्लेख छ । उपभोक्ता समुह मार्फत भएका कार्यहरु सार्वजनिक खरिद ऐन नियम अनुसार हुनु पर्नेमा सो बमोजिम भए गरेको पाइएन । अत: जिम्मेवार कार्यालय प्रमुखले त्यस प्रकारका कार्यको नियन्त्रण गर्ने तर्फ ध्यान दिनु पर्ने देखियो । उपभोक्ता समितिबाट पेश भएका नियम विपरितका कार्यहरुको केही उदाहरण निम्नानुसार छन्: | |

| उपभोक्ता समिति | भुक्तानि रकम | कैफियत |
|---|---|---|
| स्वास्थ्य सेवा कार्यालय आयुर्वेद शाखा नागरिक सेवा केन्द्र भवन निर्माण उ स | ४५००० ०० | १३३७६०८ को सामग्री एउटै विक्रेता (स्वस्तिक सप्लायर्स) बाट सोझै खरिद गरेको |
| घट्टेखोला पिको हाइड्रो उ स | १९००० ०० | १७२५५१० को सामग्री एउटै विक्रेता (महालक्ष्मी इन्जिनियरिङ्ग वर्कसप) बाट सोझै खरिद गरेको |
| चैते ताँगा पानिमूल दलित वस्तिमा सौर्य उर्जा उ स | १९००० ०० | १८०५८२० को सामग्री एउटै विक्रेता (कालिका सोलार एण्ड आइटी प्रा लि) बाट सोझै खरिद गरेको |
| लादरखोला जलविद्युत आयोजना निर्माण उ स | १६१५० ०० | १६०२९७९ को सामग्री एउटै विक्रेता (पी एस इनर्जी पावर प्रा लि) बाट सोझै खरिद गरेको |
| जुनी वहुउद्देशीय सहकारी संस्था लि | २८८८० ०० | २७८८००० को सामग्री एउटै विक्रेता (हरेन्द्र फलफूल नर्सरी बागवानी फर्म) बाट सोझै खरिद गरेको |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६९</td><td></td><td></td><td>गुणस्तर परीक्षण -<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ ।यस पालिकाले निम्न उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । केही उदाहरण देहाय बमोजिम छन् ।
<table>
<tr><th>सि न</th><th>उपभोक्ता समीतिको नाम</th><th>सामान</th><th>रकम</th></tr>
<tr><td>१</td><td>तामे ओडार मरठ नदी नियन्त्रण तथा तटबन्धन निर्माण उ स</td><td>Gabion box (2*1*1)=4620 sqm</td><td>१४१९७७६</td></tr>
<tr><td>२</td><td>अनाह नदी तथा खोला तटबन्धन निर्माण उ स</td><td>Gabion box (2*1*1)= 3630 sqm</td><td>११०७५१३</td></tr>
</table></td><td></td></tr>
<tr><td>७०</td><td></td><td></td><td>प्राविधिक बिल र कार्य सम्पन्नः<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७१</td><td></td><td></td><td>कन्टिन्जेन्सी खर्चको अभिलेख :<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ५ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७८/७९ मा कन्टीन्जेन्सी बापत रु.२७९८५१७।०० कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । कन्टेन्जेन्सी खाताको हिसाब व्यवस्थित गरी राख्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ७२ | | | **कार्य सम्पन्न प्रतिवेदन -**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने व्यवस्था छ । यस पालिकाले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन । | |
| ७३ | | | **सार्वजनिक परीक्षण -**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम पालिकाले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको प्रर्वद्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७४</td><td></td><td></td><td>

**डीपीआर खर्च –**

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

<table>
<tr><th>कार्य विवरण</th><th>परामर्शदाता</th><th>स्वीकृत रकम</th><th>खर्च रकम</th><th>अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत</th></tr>
<tr><td>१५ शैया अस्पताल</td><td>मुनलाईट ईन्जिनियरिङ एण्ड रिसर्च कन्सल्टेन्सी प्रा लि</td><td>१८६४५००</td><td>१५०००००</td><td>१३७६५७०४४।०४</td></tr>
<tr><td>चंखिला डाँडाकोट खानेपानी आयोजना</td><td>एलाई ईन्जिनियरिङ सोलुशन प्रा लि</td><td>१००००००</td><td>९९८६६६</td><td>४०७०००००</td></tr>
<tr><td>लादर खोला लघु जलविद्युत आयोजना</td><td>एम पि निर्माण सेवा एण्ड ईन्जिनियरिङ कन्सल्टेन्सी</td><td>३०००००</td><td>२९९८५१</td><td>४९११२३२</td></tr>
<tr><td>जम्मा:</td><td></td><td>३१६४५००</td><td>२७९८५१७</td><td></td></tr>
</table>

</td><td></td></tr>
<tr><td>७५</td><td></td><td></td><td>

**परामर्श सेवा –**

सार्वजनिक खरिद नियमावली, २०६४ नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले परामर्श सेवाको खरिद गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु. २४९८६६६।०० खर्च लेखेको पाइयो । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७६ | | | **सामाजिक सुरक्षातर्फः**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । यस सम्बन्धमा निम्नअनुसार व्यहोराहरु देखिएका छनः | |
| ७६.१ | | | **सामाजिक सुरक्षा भत्ता दोहोरो वितरणः** पालिका अन्तरगतका देहाएका वडा सामाजिक सुरक्षा भत्ता वितरण गर्न पेश्की लगी लाभग्राहीलाई वितरण गर्दा लाभग्राहीको नामावली दोहोरो परेको र दोहोरो नामावली भएका लाभग्राहीलाई समेत दुई पटक भत्ता वितरण गरेको भर्पाइ संलग्न फांटवारीमा पेश हुन आएको छ । यसरी एउटै व्यक्तीलाई दोहोरो वितरण गर्ने वडा सचिवहरुलाई जिम्मेवार वनाइ दुईपटक वितरण गरेको रकम सम्वन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु | ५२,७५५ |

| नाम | वडा नं | लाभग्राहीको किसिम | रकम | कैफियत |
|---|---|---|---|---|
| अस्मिता कुमारी बस्नेत | ५ | बालबालिका | १५९६ | दोहोरो |
| धनरुपा नेपाली | ४ | बालबालिका | १५९६ | दोहोरो |
| अनसुक विक्रम शाही | | वालवालिका | १०६४ | दोहोरो |
| रितिक बहादुर | | वालवालिका | ५२९ | दोहोरो |
| गोपाल शाही | ५ | ज्येष्ठ नागरिक | १२००० | भर्पाइ नभएको |
| दुर्गा गिरी | ५ | ज्येष्ठ नागरिक | १२००० | भर्पाइ नभएको |
| लछु शाही | ५ | ज्येष्ठ नागरिक | १२००० | भर्पाइ नभएको |
| राम सिह बस्नेत | ५ | ज्येष्ठ नागरिक | ११९७० | भर्पाइ नभएको |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७६.२</td><td></td><td></td><td>पालिकाले यस आवमा सामाजिक सुरक्षा भत्ता ३ वटै चौमासिकमा बैकिङ प्रणाली मार्फत लाभग्राहीको बैक खातामा वितरण नगरी हातहातै वितरण गरेको देखियो । कार्यविधिमा तोके अनुसार रकम भूक्तानी गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्छ । साथै पालिकाले मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम मूल अभिलेखबाट कट्टा गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>७७</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण<br>– स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फस्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फस्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।
<table>
<tr><th>गत वर्षसम्मको बेरुजू<br>(A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू<br>(B)</th><th>गत बर्षसम्मको बाँकी बेरुजू<br>(C=A-B)</th></tr>
<tr><td>११६७५०</td><td>११५८२</td><td>१०५१६८</td></tr>
</table>
यस वर्ष फस्यौंट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।
<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">आ.व.</th><th rowspan="2">वेरुजु दफा नं.</th><th rowspan="2">वेरुजुको संक्षिप्त व्यहोरा</th><th colspan="4">फछ्यौंटको आधार</th><th>सम्परीक्षण</th></tr>
<tr><th>असुली</th><th>प्रमाण</th><th>नियमित</th><th>पेश्की</th><th></th></tr>
<tr><td>१</td><td>२०७६।७७</td><td>६५</td><td>धन बहादुर बस्नेत आवश्यक प्रमाण कागजात सहित पे फ</td><td>०</td><td>०</td><td>०</td><td>१९०००००</td><td>१९०००००</td></tr>
<tr><td>२</td><td>२०७६।७७</td><td>६५</td><td>धन बहादुर बस्नेत आवश्यक प्रमाण कागजात सहित पे फ</td><td>०</td><td>०</td><td>०</td><td>९०००००</td><td>९०००००</td></tr>
<tr><td>३</td><td>२०७६।७७</td><td>६५</td><td>धन बहादुर बस्नेत आवश्यक प्रमाण कागजात सहित पे फ</td><td>०</td><td>०</td><td>०</td><td>४०००००</td><td>४०००००</td></tr>
<tr><td>४</td><td>२०७६।७७</td><td>६५</td><td>धन बहादुर बस्नेत आवश्यक प्रमाण कागजात सहित पे फ</td><td>०</td><td>०</td><td>०</td><td>१४०००००</td><td>१४०००००</td></tr>
<tr><td>५</td><td>२०७६।७७</td><td>६५</td><td>महेन्द्र बहादुर बस्नेत पे फ</td><td>०</td><td>०</td><td>०</td><td>३१०००</td><td>३१०००</td></tr>
<tr><td>६</td><td>२०७६।७७</td><td>६५</td><td>दिलिप प्रसाद न्यौपाने पे फ</td><td>०</td><td>०</td><td>०</td><td>१०००००</td><td>१०००००</td></tr>
<tr><td>७</td><td>२०७६।७७</td><td>६५</td><td>पदमराज धिताल पे फ</td><td>०</td><td>०</td><td>०</td><td>७०००००</td><td>७०००००</td></tr>
<tr><td>८</td><td>२०७६।७७</td><td>६५</td><td>दिलिप प्रसाद न्यौपाने पे फ</td><td>०</td><td>०</td><td>०</td><td>१५१३२०</td><td>१५१३२०</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | २०७६।७७ | ६५ | लोक प्रसाद रेग्मी पे फ | ० | ० | ० | १५६००० | १५६००० |
| १० | २०७६।७७ | ६५ | ममता डि सी पे फ | ० | ० | ० | ७८००० | ७८००० |
| ११ | २०७६।७७ | ६५ | फूलमाया गुरुङ्ग पे फ | ० | ० | ० | १५६८३३ | १५६८३३ |
| १२ | २०७६।७७ | ६५ | धर्मराज पौडेल पे फ | ० | ० | ० | १५६००० | १५६००० |
| १३ | २०७६।७७ | ६५ | मन बहादुर थापा पे फ | ० | ० | ० | १५६८३३ | १५६८३३ |
| १४ | २०७६।७७ | ६५ | पदम राज धिताल पे फ | ० | ० | ० | १५६००० | १५६००० |
| १५ | २०७७।७८ | ८२ | दिपेन्द्र शाह पे फ | ० | ० | ० | २५०००० | २५०००० |
| १६ | २०७७।७८ | ८२ | धन बहादुर बस्नेत पे फ | ० | ० | ० | ७५४३०३ | ७५४३०३ |
| १७ | २०७७।७८ | ८२ | खेम राज बस्नेत पे फ | ० | ० | ० | १९०००० | १९०००० |
| १८ | २०७७।७८ | ८२ | खेम राज बस्नेत पे फ | ० | ० | ० | १००००० | १००००० |
| १९ | २०७७।७८ | ८२ | पृर्थी बहादुर शाही पे फ | ० | ० | ० | १७५००० | १७५००० |
| २० | २०७७।७८ | ८२ | पृर्थी बहादुर शाही पे फ | ० | ० | ० | ५५२००० | ५५२००० |
| २१ | २०७७।७८ | ८२ | प्रेम बहादुर शाही पे फ | ० | ० | ० | ७८७००० | ७८७००० |
| २२ | २०७७।७८ | ८२ | प्रेम बहादुर शाही पे फ | ० | ० | ० | २००००० | २००००० |
| २३ | २०७७।७८ | ८२ | शेराखेत बाढी पहिरो नियन्त्रण उ स पे फ | ० | ० | ० | १८८१०० | १८८१०० |
| २४ | २०७७।७८ | ८२ | शिवपूरी मा वि पे फ | ० | ० | ० | ५००००० | ५००००० |
| २५ | २०७७।७८ | ८२ | खेम राज बस्नेत पे फ | ० | ० | ० | ३४५६०० | ३४५६०० |
| २६ | २०७७।७८ | ८२ | प्रेम बहादुर शाही पे फ | ० | ० | ० | २८४४०० | २८४४०० |
| २७ | २०७७।७८ | ८२ | जिवन ज्योती ए जि चर्च भवन निर्माण पे फ | ० | ० | ० | ३१३५०० | ३१३५०० |
| २८ | २०७७।७८ | ८२ | खेमराज बस्नेत पे फ | ० | ० | ० | २००००० | २००००० |
| २९ | २०७७।७८ | ८२ | दहखोला टस पुल निर्माण उ स पे फ | ० | ० | ० | ३००००० | ३००००० |
| | | | **जम्मा** | **०** | **०** | **०** | **११५८१८८९** | **११५८१८८९** |

उल्लिखित सम्परीक्षणबाट निम्नानुसार थप वेरुजु कायम भएको छ ।

| **सि.नं.** | **आ.व.** | **वेरुजु दफा नं.** | **वेरुजुको संक्षिप्त व्यहोरा** | **रकम** |
|---|---|---|---|---|
| **१** | **२०७७।७८** | **८२** | प्रेम बहादुर शाही गत आव पे फ गर्दा अग्रिम करकट्टी नगरेको | ३२३४ |
| २ | **२०७७।७८** | **८२** | शिवपुरी मावि गत आव पे फ गर्दा अग्रिम करकट्टी नगरेको | ७५०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | ३ | २०७६।७७ | ६५ | धन बस्नेत पेश्की फस्यौंट गर्दा विभिन्न कार्यक्रमको रकम प्रधानमन्त्री रोजगार कार्यक्रममा वितरण गरेकोमा शिर्षक फरक पारी खर्च लेखेको नियमसम्मत नदेखिएको | ४६००००० | |

**अद्यावधिक बेरुजु -** यस पालिकाको २०७८।७९ सम्मको फस्यौंट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| ११६७५० | ११५८२ | ७४८०२ | ४६११ | १८४५८१ |